# निर्वाचन कसूर र सजाय सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना : निर्वाचन कसूर र सजाय सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसद्ले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "निर्वाचन (कसूर र सजाय) ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संविधान" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ ।

(ख) "निर्वाचन" भन्नाले संविधान सभाको सदस्यको निर्वाचन वा प्रचलित कानून बमोजिम हुने अन्य निर्वाचन सम्झनु पर्छ र सो शब्दले उपनिर्वाचन समेतलाई जनाउँछ ।

(ग) "निर्वाचन अवधि" भन्नाले उम्मेदवारको मनोनयनपत्र दर्ता भएको मितिदेखि निर्वाचन परिणाम घोषणा भएको मितिसम्मको अवधि सम्झनु पर्छ ।

(घ) "उम्मेदवार" भन्नाले उम्मेदवारको सूचीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "राजनैतिक दल" भन्नाले निर्वाचनको प्रयोजनको लागि प्रचलित कानून बमोजिम दर्ता भएका राजनैतिक दल सम्झनु पर्छ ।

(च) "मतदाता" भन्नाले निर्वाचनको लागि प्रचलित कानून बमोजिम मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(छ) "मतदानको अधिकार" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिले सम्बन्धित निर्वाचनमा मत दिन पाउने अधिकार सम्झनु पर्छ ।

(ज) "आयोग" भन्नाले संविधानको धारा १२८ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(झ) "निर्वाचन क्षेत्र" भन्नाले निर्वाचनका लागि प्रचलित कानून बमोजिम तोकिएको निर्वाचन क्षेत्र सम्झनु पर्छ ।

(ञ) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना गरिएको मतदान केन्द्र सम्झनु पर्छ र सो शब्दले उपकेन्द्र समेतलाई जनाउँछ ।

(ट) "निर्वाचन अधिकृत" भन्नाले आयोगबाट नियुक्त भएको मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृत समेतलाई जनाउँछ ।

(ठ) "मतदान अधिकृत" भन्नाले आयोगबाट नियुक्त भएको मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृत समेतलाई जनाउँछ ।

(ड) "मतदाता नामावली" भन्नाले प्रचलित कानून बमोजिम मतदाताको विवरण सहित तयार गरिएको मतदाता नामावली सम्झनु पर्छ ।

(ढ) "मतपत्र" भन्नाले निर्वाचनमा मतदान गर्नका लागि आयोगले तोके बमोजिमको ढाँचाको मतपत्र सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान गरेकोमा त्यस्तो मतदानमा प्रयोग गरेको विद्युतीय उपकरण र मत सङ्केत समेतलाई जनाउँछ ।

(ण) "मतपेटिका" भन्नाले मत सङ्केत गरेको मतपत्र राख्नका लागि आयोगले व्यवस्था गरेको मतपेटिका सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान गरेकोमा त्यसरी मतदान गरेको मत सङ्केतलाई सुरक्षित रुपमा राख्ने विद्युतीय उपकरण समेतलाई जनाउँछ ।

(त) "अदालत" भन्नाले नेपाल सरकारले सर्वोच्च अदालतसँग परामर्श गरी निर्वाचनसँग सम्बन्धित मुद्दाको कारवाही र किनारा गर्नका लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अदालत सम्झनु पर्छ र सो शब्दले संविधान सभाको निर्वाचनको हकमा संविधानको धारा ११८ बमोजिम गठन हुने संविधान सभा अदालत समेतलाई जनाउँछ ।

(थ) "अनुसन्धान अधिकारी" भन्नाले यस ऐन अन्तर्गत सजाय हुने कसूरको अनुसन्धान तथा तहकिकात गर्न आयोगले दफा २३ को उपदफा (१) बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अधिकारी सम्झनु पर्छ ।

(द) "अनुगमन टोली" भन्नाले निर्वाचनको काम कारबाहीको अनुगमन गर्न आयोगले प्रचलित कानून बमोजिम गठन गरेको अनुगमन टोली सम्झनु पर्छ ।

## परिच्छेद-२
## निर्वाचन सम्बन्धी कसूर

३. अनधिकृत व्यक्तिले मतदान गर्न नहुने : कसैले पनि मतदानको लागि अर्काको नामबाट मतपत्र लिन वा मतदान गर्न वा गराउन हुँदैन ।

४. प्रभाव पार्न नहुने : निर्वाचनको सिलसिलामा कुनै राजनैतिक दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै व्यक्तिले देहायका कुनै काम गरी निर्वाचनमा कुनै उम्मेदवार वा मतदातालाई वा निजहरुमध्ये कसैको सरोकार वा स्वार्थ भएको कुनै व्यक्तिलाई कुनै किसिमको प्रभाव पार्न हुँदैन :-

(क) कुनै पनि व्यक्तिलाई निर्वाचनमा उम्मेदवारी दिन वा निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम निर्वाचनको प्रचार-प्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट वञ्चित गर्ने उद्देश्यले बाधा अवरोध पुऱ्याउने वा थुनछेक गर्ने वा गराउने,

(ख) कुनै पनि किसिमको हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन वा प्रयोग गर्ने,

(ग) कुनै किसिमको क्षति पुऱ्याउने,

(घ) कुनै किसिमको धाक, धम्की वा डर त्रास देखाउने,

(ङ) सामाजिक वहिष्कार गर्न धम्की दिने,

(च) कुनै किसिमले लोभ लालच देखाउने वा आर्थिक प्रलोभन देखाउने,

(छ) धर्म भकाउने वा प्रतिज्ञा गराउने ।

५. चरित्र हनन गर्न नहुने : कुनै राजनैतिक दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै

व्यक्तिले निर्वाचनको नतिजामा प्रभाव पार्नका लागि कुनै उम्मेदवार वा निजको परिवारको सदस्यको चरित्र वा आचरणको सम्बन्धमा कुनै कुराको आरोप लगाई कुनै पनि किसिमले चरित्र हनन गर्नु वा गराउनु हुँदैन ।

६. प्रचार-प्रसार गर्न नहुने : निर्वाचनको सिलसिलामा कुनै राजनैतिक दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै व्यक्तिले त्यस्तो राजनैतिक दल वा उम्मेदवारको नीति तथा कार्यक्रमका सम्बन्धमा प्रचार-प्रसार गर्दा गराउँदा देहायका कुनै उद्देश्यले प्रचार-प्रसार गर्न वा गराउन हुँदैन :-

(क) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, प्रादेशिक वा राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्ने,

(ख) जनतामा निहित राजकीय सत्ता वा बहुदलीय प्रतिस्पर्धात्मक लोकतन्त्रमा प्रतिकूल प्रभाव पार्ने,

(ग) कुनै धर्म, जात जाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल हुने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा भाषा, धर्म, समुदाय वा क्षेत्रीयताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने,

(घ) प्रचलित कानून बमोजिम कसूर ठहरिने कार्य गर्न उक्साउने ।

७. नगद वा जिन्सी लिन वा दिन नहुने : कुनै राजनैतिक दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन अवधिभित्र कुनै मतदातालाई निजको मतदानको अधिकार प्रयोग गर्न वा नगर्न वा मतदानको अधिकार प्रयोग गरे वा नगरे बापत उपहार, पुरस्कार, इनाम, दान-दातव्य वा बकसको रुपमा नगद वा जिन्सी दिन वा दिन मञ्जुर गर्न र मतदाताले पनि सो रुपमा आफ्नो वा अरु कसैको निमित्त यस्तो नगद वा जिन्सी लिन वा लिन मञ्जुर गर्नु हुँदैन ।

८. कर्मचारीले निर्वाचनमा प्रभाव पार्न नहुने : निर्वाचन अधिकृत, मतदान अधिकृत वा मतदान केन्द्रमा खटिएका वा निर्वाचनको काममा संलग्न अन्य कुनै अधिकृत, कर्मचारी वा पदाधिकारी वा सुरक्षाकर्मी वा आयोगले खटाएको पर्यवेक्षकले निर्वाचनको कुनै काम गर्दा कानून बमोजिम कुनै उम्मेदवारलाई आफ्नो मत दिन बाहेक निर्वाचनमा कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै किसिमको काम गर्न वा गराउन हुँदैन ।

९. शान्ति भङ्ग गर्न नहुने : कुनै निर्वाचनको लागि मतदान हुने दिनमा मतदान कार्य प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि सो मतदान कार्य समाप्त नभएसम्म कसैले मतदानको काममा वा मतदातालाई वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी मतदान केन्द्र रहेको घर, भवन वा ठाउँ र त्यसको दुई सय मिटर वरिपरिको कुनै निजी वा सार्वजनिक घर, भवन वा जग्गामा देहायका कुनै काम गरी शान्ति भङ्ग गर्न वा गराउन हुँदैन :-

(क) लाउडस्पीकर, मेगाफोन वा यस्तै अन्य कुनै यन्त्र प्रयोग गर्न,

(ख) वाद्य-वादन वजाउन, नाच-गान गर्न, सार्वजनिक भोज भतेर गर्न, जुलुस प्रदर्शन गर्न वा जुनसुकै किसिमको सभा वा समारोह गर्न वा हो-हल्ला वा हुल-हुज्जत गर्न वा गराउन ।

१०. हातहतियार साथमा लिएर हिँड्न वा प्रयोग गर्न नहुने : सुरक्षाको काममा खटिएका सुरक्षाकर्मीले कानून बमोजिम लिन पाउने हातहतियार बाहेक अन्य कुनै पनि व्यक्तिले मतदान केन्द्र वा मतगणनास्थल र सोको वरिपरि कुनै प्रकारको विष्फोटक पदार्थ वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी, बन्दुक, पेस्तोल वा त्यस्तै प्रकारका अन्य हातहतियार लिएर हिँड्न, प्रदर्शन गर्न, प्रयोग गर्न वा विष्फोटन गर्न गराउन हुँदैन ।

११. निषेधित व्यवहार : कुनै पनि व्यक्तिले देहायका कुनै काम गर्न वा गराउन हुँदैन :-

(क) निर्वाचन सम्बन्धी काममा संलग्न कुनै व्यक्ति वा कर्मचारीले टाँसेको वा टाँस्न लगाएको निर्वाचन सम्बन्धी कुनै विवरण, सूचना, सूची वा अन्य कुनै कागजातमा कुनै व्यहोरा थप्न, केरमेट गर्न, सच्याउन, हटाउन वा त्यस्तो कागजात च्यात्न वा कुनै किसिमले बिगार्न, नोक्सान गर्न वा नष्ट गर्न,

(ख) कुनै मतपत्रमा लागेको निर्वाचन अधिकृत वा मतदान अधिकृतको सही वा छाप वा मतपत्रमा अङ्कित कुनै चिन्ह वा सङ्केत मेट्न, केरमेट गर्न, सच्याउन, कीर्ते गर्न, बिगार्न वा च्यात्न,

(ग) कुनै मतदाताले मतदान गर्न कानून बमोजिम आफूले प्राप्त गरेको मतपत्र कुनै व्यक्तिलाई कुनै किसिमले दिन वा आफूले खसाल्न अधिकार पाएको मतपत्र बाहेक अरु कुनै कुरा मतपेटिकामा खसाल्न,

(घ) निर्वाचनको काममा प्रयोग हुने वा प्रयोग भएको मतपत्र वा अन्य कुनै कागजात कुनै किसिमको बल प्रयोग गरी वा नगरी खोस्न, लुट्न, चोर्न, च्यात्न वा अन्य कुनै प्रकारले बिगार्न, नोक्सान गर्न वा नष्ट गर्न,

(ङ) निर्वाचनको काममा प्रयोग हुने वा प्रयोग भएको मतपेटिका कुनै किसिमको बल प्रयोग गरी वा नगरी खोस्न, लुट्न, चोर्न, बिगार्न, त्यसमा प्रयोग भएको सील तोड्न, अनधिकृत रुपमा खोल्न वा कुनै किसिमले नष्ट गर्न,

(च) मतदान अधिकृतको स्वीकृतिबिना मतदानको अवधिभित्र मतपेटिका, मतपत्र, मत सङ्केत गर्ने छाप, छापदानी, मसी वा मतदानको लागि प्रयोग हुने वा प्रयोग भएको अन्य कुनै सामान मतदान केन्द्रबाट बाहिर वा अन्यत्र कतै लैजान,

(छ) मतपत्रमा मत सङ्केत गरिसकेपछि सो मतपत्र कसैलाई देखाउन वा प्रदर्शन गर्न,

(ज) निर्वाचनको काममा संलग्न कर्मचारीहरुलाई निजहरुको काममा कुनै पनि प्रकारले कुनै किसिमको बाधा पार्न ।

१२. गैरकानूनी तवरले मतपत्र लिन वा दिन नहुने : (१) कसैले कसैलाई नगद, जिन्सी, सेवा वा कुनै प्रकारको लोभ दिई वा दिन मञ्जुर गरी वा कुनै किसिमको डर, त्रास, धाक वा धम्की दिई वा कुनै किसिमको बल प्रयोग गरी वा नगरी गैरकानूनी तवरले मतदान गर्नको लागि कसैबाट मतपत्र प्राप्त गर्न वा गराउन हुँदैन ।

(२) मतपत्र जिम्मा लिने अधिकारप्राप्त अधिकारीले नगद, जिन्सी, सेवा वा अन्य कुनै प्रकारको लाभ लिई वा नलिई वा लिन मञ्जुर गरी वा नगरी त्यस्तो मतपत्र अनधिकृत व्यक्तिलाई दिनु हुँदैन ।

१३. निर्वाचन सम्बन्धी प्रचार-प्रसार : (१) निर्वाचनको प्रचार-प्रसार गर्ने उद्देश्यले आयोगले तोकेको आकार र रङ्गको सामान्य पर्चा वितरण बाहेक पोष्टर, भित्ते लेखन, तुल, ब्यानर प्रयोग गर्न वा गराउन वा छाप्न वा छपाउन हुँदैन ।

(२) निर्वाचनको प्रचार-प्रसार गर्ने उद्देश्यले आमसभा र आमसभाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि बाहेक अन्यत्र माइक तथा लाउडस्पिकर प्रयोग गर्न पाइने छैन ।

(३) निर्वाचन सम्बन्धी प्रचार-प्रसारको लागि उपदफा (१) बमोजिम तयार पारिएको पर्चामा मुद्रण गर्ने छापाखानाको तथा मुद्रण गर्न लगाउने राजनैतिक दल वा व्यक्तिको नाम र ठेगाना उल्लेख हुनु पर्नेछ ।

(४) निर्वाचन सम्बन्धी प्रचार-प्रसारको लागि कुनै पनि धार्मिक, पुरातात्विक वा ऐतिहासिक, सरकारी वा सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको भवन, स्मारक, पर्खाल वा बनोटमा कुनै पर्चा टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउन हुँदैन ।

(५) निर्वाचन सम्बन्धी प्रचार-प्रसारको लागि कसैले पनि कसैको निजी घर, पसल, पर्खाल वा अन्य बनोटमा त्यसको धनीको स्वीकृति नलिई कुनै पर्चा टाँस्न वा टाँस्न लगाउन हुँदैन ।

(६) मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म निर्वाचन क्षेत्रभित्र कसैले कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै पनि प्रकारले प्रचार-प्रसार गर्न वा गराउन हुँदैन ।

१४. अनधिकृत रुपमा प्रवेश गर्न वा मतगणना वा निर्वाचनको अन्य काममा बाधा पुऱ्याउन नहुने : (१) उम्मेदवार वा निजको प्रतिनिधि वा आयोगबाट अनुमतिप्राप्त व्यक्ति बाहेक अन्य कुनै पनि व्यक्ति मतगणनास्थलमा प्रवेश गर्न हुँदैन ।

(२) कुनै पनि व्यक्तिले निर्वाचनको मतगणना भइरहेको अवस्थामा मतपेटिका वा मतपत्र वा निर्वाचन सम्बन्धी अन्य कुनै पनि कागजपत्र बल प्रयोग गरी वा नगरी खोस्न, लुट्न, बिगार्न वा कुनै किसिमले नोक्सान गर्न वा निर्वाचन अधिकृतको अनुमतिबिना मतगणनास्थलबाट अन्यत्र लैजान वा मतगणना वा निर्वाचन सम्बन्धी अन्य कुनै काममा कुनै प्रकारले कुनै किसिमको बाधा पुऱ्याउन हुँदैन ।

१५. गोप्यता भङ्ग गर्न नहुने : निर्वाचनमा निर्वाचन अधिकृत, मतदान अधिकृत, आयोगले खटाएको निर्वाचनको काममा संलग्न अन्य कुनै कर्मचारी वा सुरक्षाकर्मी वा आयोगले खटाएको पर्यवेक्षक वा अनुगमनकर्ता वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा मतदाता वा अन्य व्यक्तिले कुनै मतदाताले मत दिएको वा नदिएको वा कुन उम्मेदवारलाई मत दिएको वा कसले कति मत पाएको वा मतपत्रबाट मतदाता चिनिने गरी कुनै पनि किसिमको सङ्केत वा चिन्ह वा अन्य कुनै कुराहरु कसैलाई भनी, लेखी वा कुनै किसिमले प्रकाशन गरी गोप्यता भङ्ग गर्न वा गराउन हुँदैन ।

तर निर्वाचन अधिकृत वा निजबाट अधिकारप्राप्त अधिकारीले मतगणनाको सिलसिलामा उम्मेदवारहरुले पाएको मतसंख्या सार्वजनिक रुपमा जानकारी गराउन वा त्यस्तो जानकारीको आधारमा भन्न, लेख्न वा प्रकाशन गर्न यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

१६. सवारी साधनको प्रयोग : (१) निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा कुनै राजनैतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगले अनुमति दिएको संख्याभन्दा बढी सवारी साधन प्रयोग गर्नु वा गराउनु हुँदैन ।

(२) निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा कुनै राजनैतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधि वा अन्य कुनै व्यक्तिले सरकारी वा सरकारी स्वामित्व भएको संस्था वा स्थानीय निकायको सवारी साधनको प्रयोग गर्नु वा गराउनु हुँदैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै राजनैतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधि वा निर्वाचनको कामसँग सम्बन्धित पर्यवेक्षक, मानव अधिकारवादी, पत्रकार वा त्यस्तै अन्य कुनै व्यक्तिले आयोगले अनुमति दिएको अवस्थामा मात्र मतदानको दिन सवारी साधनको प्रयोग गर्न सक्नेछ ।

१७. उद्योग, मद्दत वा दुरुत्साहन गर्न नहुने : कसैले पनि यस परिच्छेद बमोजिमको कसूर गर्ने उद्योग गर्न, मद्दत वा दुरुत्साहन गर्न हुँदैन ।

१८. गिरफ्तार गर्न सकिने : (१) निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले मतदान कार्यमा वा मतगणना कार्यमा वा निर्वाचनको अन्य कुनै कार्यमा बाधा पुऱ्याउने वा पुऱ्याउन उद्योग

गर्ने वा मद्दत गर्ने वा सो गर्न दुरुत्साहन गर्ने जुनसुकै व्यक्तिलाई त्यस्तो काम नगर्न र सो स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ ।

(२) दफा ३, ९, १०, ११, १२ वा दफा १४ मा निषेध गरिएको कुनै काम गर्ने व्यक्तिलाई वा उपदफा (१) बमोजिम निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले दिएको आदेश नमान्ने व्यक्तिलाई गिरफ्तार गर्न निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले सम्बन्धित सुरक्षाकर्मीलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले दिएको आदेश सम्बन्धित सुरक्षाकर्मीले पालन गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम दिएको आदेश पालना नगरेमा निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले त्यस्तो सुरक्षाकर्मीलाई विभागीय कारबाही गर्न आयोगमा लेखी पठाउनु पर्नेछ ।

## परिच्छेद-३
## दण्ड सजाय

१९. तत्काल जरिबाना गर्न सक्ने : (१) कुनै व्यक्तिले देहायका काम कारबाही गरेमा देहायका अधिकारीले तत्काल कसूरको मात्रा हेरी पाँच सय रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ :-

(क) गैरनेपाली नागरिकले मतदान गरेको बाहेक दफा ३ वा दफा ११ को खण्ड (ख), (ग), (च) र (छ) विपरीत काम कारबाही गरेमा मतदान अधिकृतले,

(ख) दफा ९ वा दफा ११ को खण्ड (घ) र (ङ) विपरीत काम कारबाही गरेमा मतदान अधिकृत वा अनुगमन टोलीले,

(ग) दफा १० वा दफा ११ को खण्ड (क) र (ज) वा दफा १३ वा दफा १४ वा दफा १६ विपरीत काम कारबाही गरेमा निर्वाचन अधिकृत, मतदान अधिकृत वा अनुगमन टोलीले ।

(२) उपदफा (१) बमोजिम जरिबाना गरेको रकम बुझाएपछि जरिबाना गर्ने अधिकारीले सो जरिबाना बुझाए बापतको रसिद तत्काल सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम जरिबाना गर्ने अधिकारीले गरेको जरिबानाउपर चित्त नबुझाउने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम जरिबाना नबुझाउने व्यक्तिलाई जरिबाना गर्ने अधिकारीले जरिबानाको रकम बापत प्रचलित कानून बमोजिम कैद गर्न सम्बन्धित प्रहरी कार्यालयमा बुझाइदिनु पर्नेछ ।

(५) कुनै राजनैतिक दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै व्यक्तिले दफा १६ विपरीत सवारी साधन प्रयोग गरेकोमा उपदफा (१) को खण्ड (ग) बमोजिम जरिबाना गर्ने अधिकारीले त्यस्तो सवारी साधन निर्वाचन अवधिभरका लागि कब्जामा लिई त्यस्तो सवारी साधन सरकारी वा सरकारी स्वामित्व रहेको संस्था वा स्थानीय निकायको रहेछ भने त्यस्तो सवारी साधन प्रयोग गर्न दिने अधिकारीलाई विभागीय कारबाही गर्न आयोगमा लेखी पठाउनु पर्नेछ ।

(६) कुनै राजनैतिक दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै व्यक्तिले दफा १३ विपरीत पर्चा वा पोष्टर, भित्ते लेखन, तुल, ब्यानर प्रयोग गरेमा

उपदफा (१) को खण्ड (ग) बमोजिम जरिबाना गर्ने अधिकारीले त्यस्तो पर्चा वा पोष्टर, तुल, ब्यानर जफत गर्नेछ र त्यस्तो पर्चा पोष्टर, भित्ते लेखन, तुल, ब्यानर प्रयोग गरेको स्थानलाई दुरुस्त बनाई राख्ने आदेश दिनेछ ।

(७) उपदफा (६) बमोजिम दिएको आदेश पालना नगर्ने उम्मेदवारलाई उपदफा (१) को खण्ड (ग) बमोजिम जरिबाना गर्ने अधिकारीले थप दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर प्रयोग गरेको स्थानलाई दुरुस्त बनाउन लागेको खर्च निजबाट असूलउपर गर्न सक्नेछ ।

(८) कसैले मतपत्रमा सङ्केत गरिसकेपछि सो मतपत्र कसैलाई देखाए वा प्रदर्शन गरेमा त्यस्तो व्यक्तिलाई उपदफा (१) को खण्ड (क) बमोजिम जरिबाना गर्ने अधिकारीले जरिबाना गर्दा त्यस्तो मतपत्र मतपेटिकामा खसालिनसकेको भए सो मतपत्रलाई छुट्टै खाममा राखी सो खाममा सोही व्यहोरा उल्लेख गरी सीलबन्दी गरी मुचुल्का खडा गरी राख्नु पर्नेछ र त्यस्तो मतपत्र गणना गरिने छैन ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम जरिबाना गर्ने कुनै अधिकारीले कुनै कसूरको सम्बन्धमा एकपटक जरिबाना गरिसकेपछि सोही कसूर बापत यस दफा बमोजिम जरिबाना गर्ने अन्य अधिकारीले पुनः जरिबाना गर्न सक्ने छैन ।

२०. सार्वजनिक गर्नु पर्ने : दफा १९ बमोजिम जरिबाना गर्ने अधिकारीले कुनै व्यक्तिलाई जरिबाना गर्दा सो व्यक्तिले गरेको कसूर तथा निजलाई गरिएको जरिबानाका सम्बन्धमा पत्रपत्रिका वा कुनै सञ्चार माध्यमबाट सो व्यहोरा सर्वसाधारणको जानकारीको लागि तत्काल सार्वजनिक गर्नु पर्नेछ ।

२१. दण्ड सजाय : (१) कुनै व्यक्तिले दफा ४, ५, ६, ७, ८, १२ वा दफा १५ विपरीत कुनै काम गरेमा कसूरको मात्रा अनुसार निजलाई दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) गैर नेपाली नागरिकले मतदान गरेकोमा निजलाई पचास हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) दफा ४, ५, ६, ७, ८, १२ वा दफा १५ बमोजिमको कसूर गर्न वा गराउन उद्योग गर्ने, मद्दत गर्ने वा दुरुत्साहन गर्ने व्यक्तिलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

२२. अन्य प्रचलित कानून बमोजिम सजाय हुन सक्ने : यस परिच्छेद बमोजिम कसूर ठहरिने कुनै काम कारबाही अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कसूर बापत कानून बमोजिम सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद-४
## मुद्दाको कारबाही तथा किनारा

२३. मुद्दाको अनुसन्धान र दायरी : (१) दफा २१ अन्तर्गत सजाय हुने कसूरको अनुसन्धान तथा तहकिकात आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अधिकारीले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दाको अनुसन्धान तथा तहकिकातको सिलसिलामा अनुसन्धान अधिकारीले पर्याप्त सबुद प्रमाणको आधारमा कसूरमा संलग्न रहेको शङ्का लागेको व्यक्तिलाई प्रचलित कानून बमोजिम पक्राउ गर्न सम्बन्धित प्रहरी कार्यालयलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पक्राउ परेका व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र अनुसन्धान तथा तहकिकात पूरा नहुने भई निजलाई हिरासतमा राखी अनुसन्धान तहकिकात जारी राख्नु पर्ने पर्याप्त कारण भएमा अनुसन्धान अधिकारीले निजलाई अदालत समक्ष

उपस्थित गराई अदालतको अनुमति लिएर मात्र अनुसन्धानको लागि हिरासतमा राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम हिरासतमा राख्ने अनुमति मागेमा अदालतले अनुसन्धान तथा तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको र हिरासतमा राख्नु पर्ने कारण समेतलाई विचार गरी सन्तोषजनक रुपमा अनुसन्धान तथा तहकिकात भैरहेको र हिरासतमा राख्नु पर्ने पर्याप्त आधार देखिएमा एकैपटक वा पटक-पटक गरी बढीमा पन्ध्र दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

(५) यस दफा बमोजिम अनुसन्धान अधिकारीले दिएको आदेश पालना गर्नु सम्बन्धित प्रहरी कार्यालयको कर्तव्य हुनेछ । यसरी दिएको आदेश पालना नगरेमा अनुसन्धान अधिकारीले त्यस्तो प्रहरी कर्मचारीलाई विभागीय कारबाही गर्न आयोगमा लेखी पठाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम कुनै व्यक्तिउपर मुद्दा चलाउनु पर्ने देखिएमा अनुसन्धान अधिकारीले कसूर गरेको मितिले साठी दिनभित्र अदालतमा अभियोगपत्र दायर गराइसक्नु पर्नेछ ।

तर प्रतिवादी हिरासतमा रहेको अवस्थामा भने मुद्दा चल्ने देखिएमा बढीमा पन्ध्र दिनसम्म अभियोगपत्र दायर गरिसक्नु पर्नेछ ।

(७) अनुसन्धान तथा तहकिकातको काम पूरा भएपछि अदालतमा अभियोगपत्र दायर गर्ने म्याद ननाघ्ने गरी अनुसन्धान अधिकारीले आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकिल समक्ष मिसिल एवं सबुद प्रमाण पेश गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम मिसिल प्राप्त भएपछि सरकारी वकिलले मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने भए मुद्दा दायर गर्ने म्याद ननाघ्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनु पर्नेछ र सरकारी वकिलबाट मुद्दा चलाउने निर्णय प्राप्त भएपछि अभियोगपत्र तयार गरी अनुसन्धान अधिकारीले अदालत समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

(९) यस ऐन अन्तर्गत अनुसन्धान अधिकारीले दायर गरेको मुद्दाको प्रतिरक्षा सरकारी वकिलबाट हुनेछ ।

२४. नेपाल सरकार वादी हुने : दफा २१ अन्तर्गतको कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी हुनेछ ।

२५. मुद्दाको कारवाही तथा किनारा : (१) संविधान सभा सदस्य निर्वाचनका सम्बन्धमा दफा २१ बमोजिम सजाय हुने कसूर र परिच्छेद-५ बमोजिम सो निर्वाचन बदर सम्बन्धी मुद्दाको कारवाही तथा किनारा संविधान सभा अदालतले गर्नेछ ।

(२) संविधान सभा सदस्य निर्वाचन बाहेक अन्य निर्वाचनका सम्बन्धमा दफा २१ बमोजिम सजाय हुने कसूर र परिच्छेद-५ बमोजिम सो निर्वाचन बदर सम्बन्धी मुद्दाको कारवाही तथा किनारा संविधान सभा अदालत बाहेक यस ऐन बमोजिम तोकिएको अन्य अदालतले गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अदालतले गरेको निर्णय उपर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालतमा पुनरावेदन लाग्नेछ र त्यसरी तोकेको अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

२६. मुद्दाको कार्यविधि : संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ३ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको मुद्दाको कारबाही र किनारा गर्दा सो ऐन बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

## परिच्छेद-५
## निर्वाचन बदर सम्बन्धी व्यवस्था

२७. निर्वाचन बदर गर्न उजुर दिन सक्ने : (१) सम्बन्धित उम्मेदवारले देहायका कुनै आधारमा निर्वाचन बदर गरी पाऊँ भनी उजुर गर्नु पर्ने कारण श्रृजना भएको मितिले पन्ध्र दिनभित्र आयोगले तोकिदिएको जिल्ला निर्वाचन अधिकारी मार्फत वा सोझै अदालतमा उजुरी दिन सक्नेछ :-

(क) निर्वाचनमा व्यापक रुपमा दफा ३, ४, ५, ६, ७, ८, १० वा दफा ११ को खण्ड (ख), (ग), (घ), (ङ) वा (ज), दफा १२ वा १४ को विपरीत काम कारबाही भएकोले निर्वाचन निष्पक्ष नभएको,

(ख) निर्वाचनमा कुनै व्यक्तिले उम्मेदवार हुनको लागि दिएको मनोनयनपत्र सदर हुनु पर्नेमा सदर नभएको वा बदर वा खारेज हुनु पर्नेमा बदर वा खारेज नभएकोले सो निर्वाचनको नतिजामा फरक परेको,

(ग) निर्वाचित उम्मेदवारले निर्वाचनमा प्रचलित कानून बमोजिम तोकिएको हदभन्दा बढी खर्च गरेको वा निजले अस्वाभाविक वा गैरकानूनी तवरले गैरकानूनी प्रयोजनको लागि अनुचित वा गैरकानूनी तवरले खर्च गरेको ।

(२) उपदफा (१) बमोजिम दिएको उजुरी प्रमाणित भएमा अदालतले निर्वाचित उम्मेदवारको निर्वाचन बदर गर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुराहरु प्रमाणित भएमा सम्पूर्ण निर्वाचन वा निर्वाचित उम्मेदवारको निर्वाचन बदर हुने छैन ।

(क) उपदफा (१) को खण्ड (क) वा दफा ४, ५, ६ वा ७ मा लेखिएको कुनै काम कारबाही निर्वाचित उम्मेदवार वा निजको प्रतिनिधिको जानकारी वा अनुमतिबिना भएको वा निजले सो निर्वाचनमा त्यस्तो काम कारबाही हुन नदिने प्रयत्न गरेको थियो, वा

(ख) उपदफा (१) को खण्ड (क) मा उल्लेख भएको कुनै काम कारबाहीबाट निर्वाचनको परिणाममा वास्तविक रुपमा असर परेको छैन ।

२८. दोहोऱ्याइ मतगणना हुन सक्ने : (१) कुनै निर्वाचनमा सम्बन्धित उम्मेदवारले देहायका कुराको आधारमा मतगणना कार्य बदर गरी पाऊँ भनी उजुर गर्नु पर्ने कारण सिर्जना भएको मितिले पन्ध्र दिन भित्र आयोगले तोकिदिएको जिल्ला निर्वाचन अधिकारी मार्फत वा सोझै अदालतमा उजुरी दिन सक्नेछ :-

(क) आफू वा अन्य कुनै उम्मेदवारले बहुमत प्राप्त गरेको भए तापनि अर्को उम्मेदवारले गैरकानूनी तरीकाले बहुमत प्राप्त गरी विजयी भएको,

(ख) बदर हुने मतपत्र बदर नगरेको वा कानून बमोजिम सदर हुने मतपत्र सदर नगरेको,

(ग) कानून बमोजिम मतगणना गर्नु पर्नेमा सो बमोजिम नगरी मतगणना गरेको ।

(२) उपदफा (१) बमोजिम दिएको उजुरी प्रमाणित भएमा अदालतले त्यस्तो मतगणना कार्य बदर गरी दोहोऱ्याइ मतगणना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दोहोऱ्याइ मतगणना गर्दा उजुरवाला उम्मेदवार वा अन्य कुनै उम्मेदवारले बहुमत पाएको प्रमाणित भई सो कारणले निर्वाचन परिणाम फरक पर्ने देखिएमा

निर्वाचित उम्मेदवारको निर्वाचन परिणाम बदर हुनेछ र अदालतले उजुरवाला उम्मेदवार वा अन्य कुनै उम्मेदवार कानून बमोजिम निर्वाचित भएको निर्णय गर्नेछ ।

२९. मत बराबर भएमा गर्ने : (१) दफा २७ वा २८ बमोजिमको उजुरीको कारबाहीको सिलसिलामा अदालतले दोहोऱ्याइ मतगणना गर्दा सम्बन्धित निर्वाचन क्षेत्रका सबै उम्मेदवारहरुले पाएको मत गणना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना गर्दा उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

तर मतगणनाको रीतपूर्वक जानकारी दिएकोमा कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मतगणना गर्न बाधा पर्ने छैन ।

(३) उपदफा (१) बमोजिम मतगणना गर्दा दुई वा दुईभन्दा बढी उम्मेदवारहरुले पाएको मतसंख्या बराबर हुन आएमा अदालतले मत बराबर पाउने उम्मेदवारहरुबीच गोला हाली निर्णय गर्नु पर्नेछ र सो निर्णय बमोजिम छानिएको उम्मेदवारले एक मत बढी प्राप्त गरी निर्वाचित भएको मानिनेछ ।

३० प्रमाण नलाग्ने : यस ऐन बमोजिमको मुद्दाको कारबाहीको सिलसिलामा अदालतले सोधेको कुनै प्रश्नको सम्बन्धमा कुनै साक्षीले दिएको जवाफलाई निजको विरुद्धमा चलेको कुनै मुद्दामा प्रमाण लाग्ने छैन र प्रमाणको रुपमा पेश गर्न पाइने छैन ।

३१. उजुरी फिर्ता लिन सक्ने : उजुरवालाले दफा २७ वा २८ बमोजिम दिएको उजुरी अदालतको अनुमतिले फिर्ता लिन सक्नेछ ।

तर कुनै अनुचित लाभको लागि उजुरी फिर्ता लिन निवेदन दिएको हो भन्ने अदालतलाई लागेमा सो उजुरी फिर्ता लिन अनुमति दिने छैन ।

## परिच्छेद-६
## विविध

३२. मतदान गरेको विषयमा नसोधिने : यो ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत चलेको कुनै मुद्दा-मामिला वा कानूनी कारबाहीमा कुनै पनि साक्षी वा अन्य कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी सोधिने छैन ।

३३. धरौटी राख्नु पर्ने : (१) दफा २७ वा २८ बमोजिम उजुरी दिँदा दश हजार रुपैयाँ धरौटी राख्नु पर्नेछ ।

(२) उजुरी झुट्टा ठहरेमा उपदफा (१) बमोजिमको धरौटी जफत हुनेछ ।

३४. खारेजी : निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ खारेज गरिएको छ ।

प्रमाणीकरण मिति : २०६३/१२/१२